# तीर्थ-तिमीला वनस्पति पदकको कार्यविधि, २०८१

वानस्पतिक विविधताको पहिचान, संरक्षण, अनुसन्धान, प्रविधी विकास र दिगो उपयोग गरी आम संचारको माध्यमबाट लेख, आलेख, श्रव्य दृष्य लगायत विभिन्न माध्यम मार्फत समाजमा उत्कृष्ट एवम् प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई प्रोत्साहित गर्ने उद्देश्यले वनस्पति समाज नेपालको विधानको परिच्छेद (२) दफा ५(ज) वमोजिम समाजको स्थापना दिवस २०८०।०४।२८ गतेको दिन तीर्थ-तिमीला वनस्पति पदकको स्थापना गरिएको छ । यस समाजको वार्षिक साधारण सभाको दिन पुरस्कृत गर्न यो पदकको कार्यविधि तयार गरिएको छ ।

## १. पदक र वितरण

तीर्थ-तिमीला वनस्पति पदक अनुसूची १ वमोजिम रहेको पदक वनस्पति समाज नेपालले तयार गरी दिनु पर्नेछ। सो पदक एक वर्षमा एक जना व्यक्तिलाई मात्र प्रदान गरिनेछ।

## २. पदक मूल्याङ्कन समिति

तीर्थ-तिमीला वनस्पति पदक छनौट गरी मूल्याङ्कन गर्न देहाय वमोजिमको एक ५ (पाँच) सदस्यीय मूल्याङ्कन समिति रहनेछ ।

१. वनस्पति समाज नेपालका निवर्तमान अध्यक्ष - संयोजक
२. वनस्पति समाज नेपालका उपाध्यक्ष - सदस्य
३. वनस्पति समाज नेपालको कार्यकारी समितिद्वारा मनोनित वनस्पति समाजका आजिवन सदस्यबाट मनोनित कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य
४. वनस्पति समाज नेपालका सचिव - सदस्य सचिव

**३. पदक मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

१. पदक छनौटका आधारहरु तय गर्ने ।

२. पदक छनौटका लागि सूचना प्रकाशन गरी प्राप्त वायोडाटा सहितका निवेदनहरु मध्येबाट सिफारिश गर्ने ।

३. पदकको सिफारिस सम्वन्धमा विवाद आएमा दुई तिहाई वहुमतको निर्णयानुसार सिफारिस गर्ने ।

**४. पदक मूल्याङ्कन समितिको बैठक**

१. समितिको प्रथम वैठक समितिको वार्षिक साधारण सभा भन्दा कम्तीमा एक महिना अगाडि वस्नुपर्नेछ ।सो वैठकले सवैको जानकारीका लागि सुचना र मूल्याङ्कनका आधारहरु तय गरी सो को जानकारी वनस्पति समाज नेपाललाई दिनु पर्नेछ ।अन्य बैठकहरु आवश्यक्ता अनुसार वस्नेछन् ।

२. पदकको लागि प्राप्त निवेदनहरु उपर आवश्यक छलफल, छानवीन र मूल्याङ्कन गरी वनस्पति समाज नेपाललाई सिफारिस गर्नेछ ।

३. समितिको वैठकको गणपुरक संख्या दुई तिहाई हुनुपर्नेछ ।

**५. पदक छनौटका आधारहरु**

१. पदक ४० वर्ष भन्दा कम उमेरका नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ ।

२. पदक छनौट गर्दा तीर्थ-तिमीला वनस्पति पदकको मुख्य उद्देश्यलाई ध्यान दिनुपर्नेछ ।

३. पदक मरणोपरान्त कुनै पनि व्यक्तिलाई दिईने छैन।

४. पदक सम्वन्धि मूल्याङ्कनका आधारहरु अनुसूची (२) मा भए वमोजिम हुनेछ ।

५. अनुसूची (२) बाट प्राप्त कूल अङ्क जुन आवेदकको सवैभन्दा वढी हुन्छ सोही आवेदकलाई पदकका लागि समाजको कार्य समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

६. पदक छनौट गर्दा पदकको उद्देश्य पूरा गर्न उत्कृष्ट एवम् प्रशंसनीय कार्य गरेको हुनु पर्नेछ ।

७. निवेदन सहित पेश गरेका वायोडाटा भएका व्यक्तिलाई मात्र पदकका लागि समावेश गर्नु पर्नेछ ।

## ६. वनस्पति समाज नेपालको कार्य

१. वनस्पति समाज नेपालले पदकको लागि आवेदन दिन छापा वा विद्युतिय माध्यम मार्फत समाजको साधारण सभा वस्नु भन्दा कम्तिमा एक महिना अगाडि १५ दिनको समय दिइ सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । साथै सो सूचना वनस्पति समाज नेपालको website मा पनि प्रकाशित गरिने छ ।

२. प्रथम पटक सूचना प्रकासन गरे पछि तीन भन्दा बढी निवेदन पर्न नआएमा दोस्रो पटक ७ दिनको समय दिइ सूचना प्रकासन गर्नुपर्नेछ। दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि निवेदन प्राप्त नभएमा पदक मूल्याङ्कन समितिले सम्भावित उम्मेद्वारहरुको एक रोष्टर बनाइ सोबाट छान्नु पर्नेछ ।

३. पदकका लागि प्राप्त आवेदनहरु समितिले सुचिकृत गरी राख्नुपर्नेछ ।

४. प्राप्त आवेदनहरुको सुचीकृत गर्दा पदक सम्वन्धी सार्वजनिक सूचनामा तोकिएको ढाँचामा प्राप्त आवेदनहरु रहे नरहेको मूल्याङ्कन गर्नु पर्नेछ ।

## ७. पदक सम्वन्धी अन्तिम निर्णय

तीर्थ-तिमीला वनस्पति पदकको अन्तिम निर्णय पदक मूल्याङ्कन समितिको सिफारिसको आधारमा वनस्पति समाज नेपालको कार्य समितिको बैठकबाट हुनेछ ।

अनुसूची १

तीर्थ-तिमीला वनस्पति पदकको ढाँचा



अनुसूची २

तीर्थ-तिमीला वनस्पति पदक

उम्मेदवारहरुको मूल्याङ्कन फारम

| क्र.सं. | आवेदकको नाम | नैतिक आचरण (१०) | वनस्पति संरक्षण, अनुसन्धान र वैज्ञानिक प्रकाशन (१०+१०+१०) | आम संचार र प्रकाशन (१५+१५) | सामाजिक विकासमा योगदान (१०) | नवप्रवर्तनात्क कार्य (२०) | जम्मा (१००) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |